आज मिति २०८२/०१/१६ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | श्री भोजराज पन्त |
| २ | | | श्री ईशान श्रेष्ठ |
| ३ | | | श्री मुना शर्मा |
| ४ | | | श्री लक्ष्मी श्रेष्ठ |

CamScanner

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. नगरसभाको प्रकृयागत कार्यतालिका सम्वन्धमा ।

३. सडक बत्तिको महशुल तिर्ने सम्वन्धमा ।

४. नगर प्रहरीको व्यारेक स्थापना गर्ने सम्वन्धमा ।

५. बेरुजु सम्परिक्षण सम्वन्धमा ।

६. पेश्की रकम उपलब्ध गराउने सम्वन्धमा ।

७. सडक नाली खुलाउने सम्वन्धमा ।

८. नगर अस्पतालमा एक्सरे मेसीन जडान सम्वन्धमा ।

९. भाडा रकम असुली सम्वन्धमा ।

१०. जरिवाना स्वरुप प्राप्त हुने राजश्व सम्वन्धमा ।

११. नयाँ ट्र्याक सम्वन्धमा ।

१२. धौलागिरी अस्पतालको लागि एम्बुलेन्स माग गर्ने सम्वन्धमा ।

१३. नगर प्रहरी हवल्दार नियुक्त गर्ने सम्वन्धमा ।

१४. दोश्रो भेरिएसन अर्डर स्वीकृत गर्ने सम्वन्धमा ।

१५. विविध सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. ०८२/०८३ को बार्षिक बजेट, नीति तथा कार्यक्रम स्वीकृत गर्नको लागि आगामी नगरसभा सम्म सम्पन्न गर्नु पर्ने कार्यक्रमको तपशिल बमोजिमको तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | क्रियाकलाप | समायवधी | कैफियत |
|---|---|---|---|
| १ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण (संशोधित) | २०८२ जेष्ठ १३ गते भित्र | अनुमानित आय, बजेट सीमा निर्धारण, वडागत र |

| | | | |
|---|---|---|---|
| | (क) स्थानीय राजस्व परामर्श समितिको बैठक ।<br>(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक । | | विषयगत बजेट सिलिङ निर्धारण, आयोजना प्राथमिकीकरणका आधार तयार गर्ने । |
| २ | गैर सरकारी संस्था योजना तथा बजेट सम्वन्धमा छलफल गर्ने । | २०८२ जेष्ठ १५ गते भित्र । | |
| ३ | बस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने । | २०८२ जेष्ठ २० गते भित्र । | |
| ४ | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण । | २०८२ जेष्ठ २२ गते भित्र । | |
| ५ | विषयगत समितिमा छलफल तथा प्राथमिकीकरण । | २०८२ जेष्ठ २५ गते भित्र । | विषयगत क्षेत्रका सरोकारवाला संग छलफल । |
| ६ | बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा । | २०८२ जेष्ठ ३२ गते भित्र । | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा छलफल |
| ७ | कार्यपालिकाबाट बजेट, नीति तथा कार्यक्रम स्वीकृत । | २०८२ असार ७ गते भित्र । | |
| ८ | बजेट, नीति तथा कार्यक्रम नगरसभामा पेश । | २०८२ असार १० गते भित्र । | |
| ९ | बजेट, नीति तथा कार्यक्रम नगरसभाबाट स्वीकृत । | २०८२ असार मसान्त भित्र । | |

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा हाल बजार क्षेत्रका केही स्थानहरुमा मिटर जडान गरी सडक बत्ति बालिएको र उक्त बत्तिको महशुल तिर्नको लागि विद्युत कार्यालयबाट यस कार्यालयमा पत्राचार भएको हुँदा टोल विकास संस्थाले जडान गरेका बत्तिको रकम टोल विकास संस्थाले नै तिर्ने र यस कार्यालयको नाममा जडान गरिएको विद्युत मिटर बमोजिमको महशुल रकम मात्र यस कार्यालयले तिर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा हाल नगर प्रहरीले रात्री कालिन डुटी समेत गर्नु परेको अवस्थामा रात्री कालिन डियुटीको लागि सुत्ने कोठा र साँझ विहानको खानाको लागि किचन कोठा लगायत खाद्यान्न व्यवस्थापन गर्नु पर्ने अवस्था देखिएको हुँदा सो व्यवस्थापनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

CS CamScanner

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयको अन्तिम लेखा परिक्षण प्रतिवेदन २०८१ मा हेफर प्रोजेक्ट नेपालसंगको साझेदारीमा संचालित **आत्मनिर्भर बागलुङ** कार्यक्रम लगायतका विषयमा नियमित गर्नु पर्ने भनि बेरुजु औल्याएको हुँदा प्रतिवेदनमा उल्लेखित सबै प्रकारका सैद्धान्तिक र नियमित गर्नुपर्ने बेरुजुलाई आगामी नगरसभामा पेश गरी नियमित गर्ने निर्णय गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक सहयोग, हेफर प्रोजेक्ट नेपालको प्राविधिक सहयोग र नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशनको सहजिकरणमा यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेको **आत्मनिर्भर बागलुङ** कार्यक्रम कार्यान्वियन गर्न पेश्की उपलब्ध गराई पाँउ भनि हेफर प्रोजेक्ट नेपालको तर्फबाट यस कार्यालयमा पेश्की माग भै आएको हुँदा यसपूर्वको पेश्की फरछ्यौट गर्न लगाई दोश्रो पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनसुन तथा बर्षादको समय नजिक आएको शन्दर्भमा नगरपालिका क्षेत्र भित्रका सडकहरुमा नाली बुझिन गई बर्षादको भेलले सडक विग्रन सक्ने सम्भावित सडकहरुको पहिचान गरी त्यस्ता सडकका नालिहरुका अवरोध हटाउनको लागि विपद शिर्षकबाट खर्च गर्ने गरी आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतज्यूलाई निर्देशन दिने निर्णय गरियो ।

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १३ स्थित नगर अस्पतालमा रहेको एक्सरे मेसिन हाल सम्म जडान हुन नसकेको हुँदा आवश्यक बजेटको व्यवस्था गरी उक्त एक्सरे मेसिन जडानको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निणर्य नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १३ स्थित औधोगिकग्राममा रहेको केही जग्गा विडारी कन्ट्रक्सनलाई भाडामा दिएको तर निजले यस कार्यालयलाई तिर्न बुझाउन पर्ने भाडा रकम नबुझाएको पाईएको हुँदा भाडा रकम असुलीको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो

निणर्य नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रहुँदै वग्ने कालिगण्डकी नदिबाट प्राप्त हुने दहत्तर बहत्तर चोरी निकासी भै सुरक्षा निकाय मार्फत जफत भएमा जरिवाना स्वरुप प्राप्त हुने

CamScanner

राजश्वको २५ प्रतिशत राजश्व सुरक्षा निकायलाई उपलब्ध गराउने सम्वन्धमा आवश्यक निर्णय आगामी नगरसभाबाट लिने निर्णय गरियो ।

**निणर्य नं. ११**

प्रस्ताव नं. ११ माथि यस कार्यालयमा बा.न.पा. वडा नं. १० का विभिन्न स्थानमा नयाँ ट्र्याक खोल्नको लागि प्राविधिक प्रतिवेदन सहित पेश भएका निवेदन माथि छलफल सम्पन्न भयो । हाल बर्षादको शुरुवात हुन लागेको र नयाँ ट्र्याक खोल्दा प्राकृतिक विपत्तिलाई बढवा पुग्न जान सक्ने सम्भावनाको कारण बर्षाद पश्चात आगामी आ.व.को हिँउदमा थप अध्ययन गरी नयाँ ट्रायक खोल्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निणर्य नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा धौलागिरी अस्पतालमा हाल संचालनमा रहेको एम्बुलेन्स पुरानो भै मर्मत गरी रहनु पर्ने भएको कारण समस्या उत्पन्न भएकोले भारतिय राजदुतावास काठमान्डौमा एम्बुलेन्स मागको लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निणर्य नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस कार्यालयको नगर प्रहरी संगठन तर्फ रिक्त रहेको नगर प्रहरी हवल्दारमा बागलुङ नगरपालिका वडा नं. १० निवासी श्री हरी जि.सी.लाई नगर प्रहरी हवल्दार (तेश्रो तह) को सेवा सुविधा प्राप्त गर्ने गरी दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

**निणर्य नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बागलुङ नगरपालिका बागलुङको ठेक्का नं. NP-DUDBC-400277-CW-F-RFB: Upgrading of Mulpani School Hararchaur Kalimati Titaura Road, Majhibasti Niraheghat Road and Odarchour Dhodeni Phorse Road को भेरिएसन अर्डर १ ( एक) पश्चातको सम्झौता रकम रु ५७,१६,४६,७८६।२० मा कार्य संचालनको क्रममा आई परेका थप कार्यहरुलाई समेटेरे तयार पारिएको दोश्रो भेरिएसन अर्डर सहितको कुल सम्झौता रकम रु ५७,१६,४६,७८६।३१ (मु.अ.कर सहित) स्वीकृत गर्ने निर्णय गरियो ।

**निणर्य नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालय काठमाण्डौंबाट यस बागलुङ नगरपालिकाको कार्यालय, बागलुङको आ.व. ०८०/०८१ मा सम्पन्न आर्थिक विवरणहरुको लेखा परिक्षण गरी यस कार्यालयमा प्राप्त हुन आएको अन्तिम प्रतिवेदन माथि छलफल भयो । अन्तिम प्रतिवेदनमा सुझाईएको बेरुजुको सम्वन्धमा असुल उपर गर्नु पर्ने बेरुजुलाई पत्राचार गर्ने र नियमित गर्नु पर्ने बेरुजुलाई आवश्यक कागजपत्र र प्रकृया मिलाई नियमित गर्नको लागि सम्बन्धित शाखाहरुमा जानकारी गराउने निर्णय गरियो ।